संघीय संसद

राष्ट्रिय सभा

विधायन व्यवस्थापन समिति

प्रतिनिधि सभाबाट संशोधन सहित पारित राहदानी विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. राहदानी विधेयक, २०७५ (यस पछि "विधेयक" भनिएको) को दफा १२ (प्रतिनिधि सभाको संशोधन सहित) को सट्टा देहायको दफा १२ राख्ने :-

"१२. राहदानी जारी नगर्ने वा रोक्का राख्ने : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका व्यक्तिको नाममा राहदानी जारी नगर्न वा रोक्का राख्न सकिनेछ :-

(क) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अनुसन्धानको सिलसिलामा अनुसन्धान अधिकारीले राहदानी जारी नगर्न वा रोक्का राख्न लेखी पठाएको,

(ख) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अदालतमा मुद्दा चलिरहेको अवस्थामा अदालतको आदेश बमोजिम त्यस्ता व्यक्तिको राहदानी जारी नगर्न वा रोक्का राख्न अदालतले लेखी पठाएको,

(ग) राहदानी, अध्यागमन, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, अपहरण, लागूऔषध, अवैध हातहतियार कारोवार, सङ्गठित अपराध वा आतङ्कवाद सम्बन्धी कसूरको अभियोगमा अदालतबाट कसूरदार ठहर भई सजाय भोगिरहेको,

(घ) बैंक तथा वित्तीय संस्थाको ऋण तिर्न नसकी प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,

(ङ) मनासिब माफिकको कारण सहित नेपाल सरकार वा अदालतको आदेशबाट विदेश जान रोक लगाएको वा राहदानी जारी नगर्न वा जारी भएको राहदानी रोक्का राख्न आदेश भएको,

(च) राहदानी जारी गर्ने निकायले आधार र कारण खुलाई जारी नगर्ने वा राहदानी रोक्का राख्ने भनी निर्णय गरेको,

(छ) राहदानीबाहकको नाममा जारी भएको राहदानीको बहाल अवधि एक वर्षभन्दा बढी बाँकी रहेको ।

(२) विभागले उपदफा (१) बमोजिमको कारणवाट साधारण राहदानी जारी गर्न नसक्ने भएमा सोको जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) को खण्ड (क) बमोजिमको अवस्थामा अदालतवाट राहदानी जारी गर्न वा राहदानी रोक्का नराख्न आदेश भएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ ।

(४) उपदफा (१) को खण्ड (ख) बमोजिमको कसूरमा अदालतवाट सफाई पाएमा वा खण्ड (घ) बमोजिमको कसूरमा कानून बमोजिम सजाय भुक्तान गरेमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गरिनेछ ।

(५) उपदफा (१) को खण्ड (घ), (ङ) वा (च) बमोजिमको अवस्था विद्यमान नरहेको भनी सम्बन्धित निकायवाट लेखि आएमा त्यस्तो व्यक्तिको नाममा राहदानी जारी गर्न सकिनेछ ।"

२. विधेयकको दफा २९ मा रहेका "सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९" भन्ने शब्दहरुको सट्टा "मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४" भन्ने शब्दहरु राख्ने,

३. विधेयकको दफा ३३ को दफाशीर्षक सहित ठाउँ-ठाउँमा रहेका "तथा निर्देशिका" भन्ने शब्दहरु झिक्ने ।

४. विधेयकको दफा ३४ मा रहेका "ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम कार्यान्वयन गर्न" भन्ने शब्दहरुको सट्टा "ऐनको उद्देश्य विपरित नहुने गरी" भन्ने शब्दहरु राख्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७५/११/०६